# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू, दैलेख

**नदीजन्य पदार्थ उत्खनन् र घाटगद्दी गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको दरभाउ पत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/१८ गते

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) बमोजिम दुल्लू नगरपालिकाले तोकेका तपसिलका नदीहरुको स्वीकृत घाटहरुबाट दुल्लू नगरपालिकाको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) २०८१ मा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न र घाटगद्दीबाट नगरपालिकाले तोकेको दररेटको अधिनमा रहि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले ठेक्का वन्दोवस्तीका लागि नगरपालिकाले निर्धारण गरेका शर्तहरुको अधिनमा रही तपसिलका ठेक्काहरुको लागि दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| ठेक्का नं. | नदी क्षेत्र | उत्खनन् गर्ने खोला/नदी र स्थान | दरभाउ दस्तुर |
|---|---|---|---|
| ०१-२०८१/०८२ | कर्णाली नदी/लोहोरे खोला | तल्लोडुंगेश्वर/लोहोरे डुंगेश्वर दुल्लू नगरपालिका १ | १०००/- |
| ०२-२०८१/०८२ | कर्णाली नदी | लामादुवाला दुल्लू नगरपालिका ३ | १०००/- |
| ०३-२०८१/०८२ | लोहोरे खोला | माथिल्लो डुंगेश्वर दुल्लू नगरपालिका १२ | १०००/- |
| ०४-२०८१/०८२ | छामघाट खोला | १) खागितडा दुल्लू नगरपालिका ११<br>२) कोटिला क (३ स्थान) दुल्लू नगरपालिका ११<br>३) कोटिला ख (३ स्थान) दुल्लू नगरपालिका ११ | १०००/- |
| ०५-२०८१/०८२ | छामघाट खोला | १) गमौडी दुल्लू नगरपालिका १०<br>२) श्रीस्थान (२ स्थान) दुल्लू नगरपालिका १० | १०००/- |
| ०६-२०८१/०८२ | पादुका खोला | पादुका खोला (तल्लो ज्युला, दुलासेरा, नाराघाट स्थान) दुल्लू नगरपालिका ९) | १०००/- |

**संलग्न गर्नु पर्ने कागजातहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (सम्भव भएसम्म आ ब २०८०/०८१ को समेत), दरभाउ पत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, दुल्लूमा रहेको यस कार्यालयको राजश्व खाता नं. ४३४०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समयभित्र कार्यालयबाट दरभाउ पत्र फाराम खरिद गर्न सकिनेछ र खरिद भएको दरभाउ पत्र भरी १६ औ दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्नुपर्नेछ।

२. तोकिएको दरभाउ पत्र दस्तुर यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक दुल्लू शाखामा रहेको राजश्व खाता नं. ४३४०१००३०१०१०००२ मा जम्मा गरेको भौचरलाई दरभाउ पत्र कागजात साथ पेश गर्नुपर्नेछ। खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

३. दरभाउ पत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ।

४. खरिद गरेको दरभाउ पत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गर्न सकिनेछ। उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु बिदा पछि कार्यालय खुलेको दिनमा हुनेछ।

५. दरभाउ पत्र फारम यस कार्यालयको प्राविधिक शाखा/योजना अनुगमन तथा तथ्यांक शाखावाट उपलव्ध गराईने छ।

६. ठेक्का सम्वन्धी विस्तृत विवरण यस कार्यालयको website: www.dullumun.gov.np मा समेत हेर्न र डाउनलोड गर्न सकिनेछ साथै कार्यालयमा सोझै सम्पर्क गरी प्राप्त गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

तिलक बि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## दुल्लू, दैलेख

**नदीजन्य पदार्थ उत्खनन् र घाटगद्दी गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको दरभाउ पत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/१८ गते

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) बमोजिम दुल्लू नगरपालिकाले तोकेका तपसिलका नदीहरुको स्वीकृत घाटहरुबाट दुल्लू नगरपालिकाको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) २०८१ मा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न र घाटगद्दीबाट नगरपालिकाले तोकेको दररेटको अधिनमा रहि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० को करचुक्ता प्रमाणपत्र ( सम्भव भए २०८०।०८१ को) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि प्रथम पटक यो सूचना प्रकाशन गरिएको छ ।

**१.कर्णाली/लोहोरे :**

| ठेक्का नं. | कामको विवरण | कर उठाउने दररेट (मु.अ.कर समेत) | | न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ पत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| ०१-२०८१/०८२ (कर्णाली नदी र लोहोरे खोला) | ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल उत्खनन् , संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु.१७६।६ प्रति घनमिटर | ५५१८७५ (अक्षरुपी: पचपन्न हजार ) | कबोल अंकको ५% | १०००/- |

**निर्माण सामाग्री उत्खनन गर्ने घाटहरु र परिमाण**

स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE अनुसार सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन् र घाटगद्दी गरी बिक्री वितरण गर्नुपर्नेछ ।

| क्र.सं. | उत्खनन् गर्ने खोला/नदी र स्थान | उत्खनन् योग्य नदीजन्य निर्माण सामाग्रीको परिमाण (घन मिटर) | नदीजन्य पदार्थ | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|---|
| १ | तल्लोडुंगेश्वर/लोहोरे डुंगेश्वर दुल्लू नगरपालिका ९ | ३१२।५ | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल | नदी किनारा |

तिलक बि.क.
प्रमुख प्रशासकीय अधिकृत

२.कर्णाली/लामादुवाला :

| ठेक्का नं. | ठेक्काको नाम | कर उठाउने दररेट (मु.अ.कर समेत) | | न्यूनतम ठेक्का रकम ( मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ पत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| ०२/२०८१-०८२ (कर्णाली नदी, लामादुवाला) | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु.१७६।६ प्रति घनमिटर | ५२,९८०/- (अक्षरुपी: बाउन्न हजार नौ सय असी रुपैयाँ मात्र) | कबोल अंकको ५% | १०००/- |

**निर्माण सामाग्री उत्खनन गर्ने घाटहरु र परिमाण**

स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE अनुसार सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन र उल्लेख गरेको स्थानमा घाटगद्दी गरी बिक्री वितरण गर्नुपर्नेछ ।

| क्र.सं. | उत्खनन् गर्ने खोला/नदी र स्थान | उत्खनन् योग्य नदीजन्य निर्माण सामाग्रीको परिमाण (घनमिटर) | नदीजन्य पदार्थ | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|---|
| १ | लामादुवाला दुल्लू नगरपालिका ३ | ३०० | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल | नदी किनारा |

३. लोहोरे/माथिल्लो डुंगेश्वर

| ठेक्का नं. | ठेक्काको नाम | कर उठाउने दररेट (मु.अ.कर समेत) | | न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ पत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| ०३-२०८१/०८२ लोहोरे खोला माथिल्लो डुंगेश्वर | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु.१७६।६ प्रति घनमिटर | ५२,९८०/- (अक्षरुपी: बाउन्न हजार नौ सय असी रुपैयाँ मात्र) | कबोल अंकको ५% | १०००/- |

**निर्माण सामाग्री उत्खनन गर्ने घाटहरु र परिमाण**

स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE अनुसार सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन् र उल्लेख गरेको स्थानमा घाटगद्दी गरी बिक्री वितरण गर्नुपर्नेछ ।

| क्र.सं. | उत्खनन् गर्ने खोला/नदी र स्थान | उत्खनन् योग्य नदीजन्य निर्माण सामाग्रीको परिमाण (घनमिटर) | नदीजन्य पदार्थ | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|---|
| १ | माथिल्लो डुंगेश्वर क्षेत्र दुल्लू नगरपालिका १२ | ३०० | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल | नदी किनारा |

४. छामघाट खोला/खागितडा कोटिला खण्ड :

| ठेक्का नं. | ठेक्काको नाम | कर उठाउने दररेट (मु.अ.कर समेत) | | न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ पत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| ०४-२०८१/०८२ छामघाट खोला | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु.१७६।६ प्रति घनमिटर | ३३९०७२/- (अक्षरुपी: तिन लाख उन्चालिस हजार बहत्तर रुपैयाँ मात्र) | कबोल अंकको ५% | १०००/- |

**निर्माण सामाग्री उत्खनन गर्ने घाटहरु र परिमाण**

स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE अनुसार सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन र उल्लेख गरेको स्थानमा घाटगद्दी गरी बिक्री वितरण गर्नुपर्नेछ ।

| क.सं. | उत्खनन् गर्ने खोला/नदी र स्थान | उत्खनन् योग्य नदीजन्य निर्माण सामाग्रीको परिमाण (घनमिटर) | नदीजन्य पदार्थ | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|---|
| | छामघाट खोला दुल्लू नगरपालिका ११ | | | |
| १ | खागितडा | ७२० | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल | नदी किनारा |
| २ | कोटिला क (३ स्थान) | ६०० | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल | नदी किनारा |
| ३ | कोटिला ख (३ स्थान) | ६०० | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल | नदी किनारा |
| | जम्मा | १९२० | | |

**५. छामघाट खोला/गमौडी श्रीस्थान खण्ड :**

| ठेक्का नं. | ठेक्काको नाम | कर उठाउने दररेट (मु.अ.कर समेत) | | न्यूनतम ठेक्का रकम ( मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ पत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| ५-२०८१/०८२ (छामघाट खोला) | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु.१७६।६ प्रति घनमिटर | १६२५४२।६४ (अक्षरुपी: एक लाख बैसट्ठी हजार पाँच सय बयालिस रुपैयाँ पैसा चौसट्ठी मात्र) | कबोल अंकको ५% | १०००। |

**निर्माण सामाग्री उत्खनन् गर्ने घाटहरु र परिमाण**

स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE अनुसार सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन र उल्लेख गरेको स्थानमा घाटगद्दी गरी बिक्री वितरण गर्नुपर्नेछ ।

| क.सं. | उत्खनन् गर्ने खोला/नदी र स्थान | उत्खनन् योग्य नदीजन्य निर्माण सामाग्रीको परिमाण (घनमिटर) | नदीजन्य पदार्थ | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|---|
| | छामघाट खोला दुल्लू नगरपालिका १० | | | |
| १ | गमौडी | ५९९१४ | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल | नदी किनारा |
| २ | श्रीस्थान (२ स्थान) | ३२१०० | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल | नदी किनारा |
| | जम्मा | ९२०१४ | | |

६.पादुका खोला :

| ठेक्का नं. | ठेक्काको नाम | कर उठाउने दररेट (मु.अ.कर समेत) | | न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ पत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|
| ०६-२०८१/०८२ (पादुका खोला) | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन्, संकलन तथा बिक्री वितरण | ढुंगा, गिट्टी, बालुवा, ग्राभेल | रु.१७८।६प्रति घनमिटर | १५८९४०/- (अक्षरुपी एक लाख अन्ठाउन्न हजार नौ सय चालिस रुपैया) | कबोल अंकको ५% | १०००/- |

**निर्माण सामाग्री उत्खनन् गर्ने घाटहरु र परिमाण**

स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण IEE अनुसार सिफारिस भए बमोजिम देहायका स्थानबाट निम्न बमोजिमको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन् र उल्लेख गरेको स्थानमा घाटगद्दी गरी बिक्री वितरण गर्नुपर्नेछ ।

| क्र.सं. | उत्खनन् गर्ने खोला/नदी र स्थान | उत्खनन् योग्य नदीजन्य निर्माण सामाग्रीको परिमाण (घनमिटर) | नदीजन्य पदार्थ | घाटगद्दी गर्ने स्थान |
|---|---|---|---|---|
| १ | पादुका खोला (तल्लो ज्युला, दुलासेरा, नाराघाट स्थान) | ९००।०० | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल | नदी किनारा |

**नदीजन्य पदार्थहरु उत्खनन्, घाटगद्दी र बिक्री वितरण गर्ने शर्तहरु:**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी (सम्भव भएसम्म आ ब २०८०/०८१ को समेत) , दरभाउ पत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, दुल्लूमा रहेको यस कार्यालयको राजश्व खाता नं. ४३४०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समयभित्र कार्यालयबाट दरभाउ पत्र फाराम खरिद गर्न सकिनेछ र खरिद भएको दरभाउ पत्र भरी १६ औ दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्नुपर्नेछ । तोकिएको दरभाउ पत्र दस्तुर यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक दुल्लू शाखामा रहेको राजश्व खाता नं. ४३४०१००३०१०१०००२ मा जम्मा गरेको भौचरलाई दरभाउ पत्र कागजात साथ पेश गर्नुपर्नेछ । खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. दरभाउ पत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक दुल्लू शाखामा रहेको धरौटी खाता नं.४३४०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७(५) बमोजिम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विडवण्ड वा नगद शिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्ने छ ।

३. खरिद गरेको दरभाउ पत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गर्न सकिनेछ । उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु बिदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउ पत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन ।

५. रीतपूर्वक पर्न आएका बोलपत्रहरु दरभाउ पत्र पेश गर्ने अन्तिम दिनको २ बजेदेखि कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि दरभाउ पत्र खोल्ने समयमा उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्नेछैन ।

तिलक बि.क.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

६. नदीजन्य पदार्थहरु नदीबाट सोझै विक्रि विरतण नगरी घाटगद्दी गरिएको स्थानबाट मात्र गर्नुपर्नेछ ।

७. कार्यालयको अनुमति विना हेभी इक्युप्मेन्ट प्रयोग गरी उत्खनन् गर्न पाईने छैन ।

८. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न कार्यालय बाध्य हुनेछैन । दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. दरभाउ पत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ८ औं दिनभित्र ठेक्का कबोल गरेको रकम, सो रकमको नेपाल सरकारलाई बुझाउनु पर्ने निमयानुसार १३ प्रतिशत मु.अ.कर र आयकर रकम पेश गरी पट्टा उठाउनु पर्नेछ ।

१०. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत हुनेछ ।

११. यस नगरपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्वन्धमा भएका अध्ययन प्रतिवेदन, आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश एवं नेपाल सरकारबाट भएका निर्देशनहरु अभिन्न अंग रहनेछन् ।

१२. नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री वितरण कार्य नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन ।

१३. ठेक्का सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन । नेपाल सरकार वा अदालतको आदेश/फैसलाबाट मिन्हा दिने सम्वन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछि नगरपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिन्हाको लागि दावी गर्न पाईने छैन ।

१४. कर, दस्तुर शुल्कको दर लगायत अन्य शर्तहरु दरभाउ पत्र फाराममा उल्लेख गरिएको छ । नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईने छैन ।

१५. शुल्क उठाउने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

१६. ठेकेदारले मासिक रुपमा (३०/३०) दिनमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१७. ठेकेदारले प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदनमा दिएका रायसुझावहरु सम्वन्धित सरोकारवाला सबैलाई आफ्नै तर्फबाट जानकारी गराई सो को पालना गर्न लगाउनु पर्नेछ । यस कार्यमा लाग्ने आर्थिक भार ठेकेदार स्वयंमले व्यहोर्नु पर्नेछ ।

१८. ढुंगा, गिट्टी, वालुवा, ग्राभेल जस्ता नदीजन्य पदार्थ संकलन उत्खनन गर्ने पक्षले नेपाल सरकार मन्त्री परिषद्को मिति २०७२।१०।२० गतेको निर्णयमा व्यवस्था भए अनुसार नगरपालिका क्षेत्र भित्रका जुनसुकै नदी/खोलाबाट नदीजन्य पदार्थ संकलन उत्खनन् गरेपनि नगरपालिकाको विक्री कर रोयल्टी बुझाउनु पर्नेछ ।

१९. विहान सुर्योदय भन्दा अगाडी र सांझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरित गएमा ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही हुनेछ ।

२०. नेपाल सरकारका सबै कार्यालयहरुले र राजनीतिक दलहरुले नगरपालिकाको राजश्व संकलन गर्ने कार्यमा सहयोग पुऱ्याउनु पर्नेछ ।

२१. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपाल सरकारका अन्य प्रचलित कानून अनुसार हुनेछ ।

२२. खोला तथा नदीको घाटगद्दी स्थलमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्नेछ ।

२३. नगरपालिकाबाट प्रमाणित गरी कर संकलन गरिएका नगदी रसिदहरुको अर्धकट्टी ठेकेदारले ३/३ महिनामा नगरपालिकामा जम्मा गर्नुपर्नेछ । उक्त नगदी रसिदसंग नदीजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदीजन्य पदार्थ उत्खननको एकीकृत परिमाण पनि पेश गर्नुपर्नेछ ।

२४. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा कानून बमोजिम हुनेछ ।

२५. ठेक्का सम्वन्धमा कुनै विवाद परेमा नगर कार्यपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

२६. प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिकालाई बुझाउनु पर्ने बांकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन ।

२७ नगरपालिकाले निर्देशन दिई शुल्क नलिने भनि पत्र लेखेकोमा ठेकेदारले दस्तुर लिन पाउने छैन । त्यसरी दस्तुर नलिई छोडेको रकम जिल्ला समन्वय समितिवाट माग गर्न पाउनेछैन ।

२८. नेपाल सरकारको निर्णय, नगर सभा/नगर कार्यपालिकाद्वारा ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा सोही संशोधन बमोजिम ठेकेदारले कार्यान्वयन गर्नुपर्नेछ ।

२९. सूचना वा यस दरभाउ पत्र फाराममा कुनै त्रुटी भएमा सो सम्बन्धमा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।
३०. संकलन केन्द्र नदीबाट उत्खनन गर्ने घाटको किनारामा राख्नुपर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलन केन्द्र राख्नुपर्ने भएमा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र राख्न पाईनेछ ।
३१. निर्माण सामाग्रीहरु उत्खनन र संकलन तथा बिक्री गर्दा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।
३२. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन अन्यथा नियमानुसार कार्यवाही हुनेछ ।
३३. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ र सोको अनुगमन नगर कार्यपालिकाको कार्यालयबाट हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लघंन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सोबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन ।
३४. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्ने छ ।
३५. निर्माण सामाग्रीहरु उत्खनन गर्न खोलासम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नुपर्नेछ । सो बापत लागेको खर्च नगरपालिकामा दावी गर्न पाईनेछैन ।
३६. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र अर्काको जग्गा, कूलो, बाँधमा क्षति नहुने गरी उत्खनन गर्नुपर्नेछ ।
३७. पुल,कलभर्ट, कज्वे, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ ५०० मीटरभित्र निर्माण सामाग्रीहरु उत्खनन् गर्न पाईनेछैन ।
३८. मूख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्वन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसंग सम्पर्क र समन्वय राखी ठेकेदारले निर्माण गर्नुपर्नेछ ।
३९. नगरपालिकाबाट निर्धारण भएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाईनेछैन र नगर कार्यपालिका कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरी आय संकलन गर्न पाईनेछैन । यदी कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरी उपर छानवीन गर्दा देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।
४०. ठेक्का सम्झौता भएको मितिले भोलिपल्ट देखि २०८१ जेष्ठ मसान्तको सांझ (सूर्यास्त) सम्म मात्र उत्खनन एवं संकलन समय अवधि हुनेछ ।
४१. चालु आर्थिक बर्षको तोकिएको अवधिभित्र उत्खनन गरी घाटगद्दी गरेको निर्माण सामाग्रीहरु २०८१ जेष्ठ मसान्त सम्म बिक्री वितरण गर्दा पनि मौज्दात बांकी रहेमा घाटगद्दी गरिएको सबै स्थानहरुमा रहेको मौज्दात नगर कार्यपालिकाको कार्यालयबाट स्थलगत अवलोकन गराई प्राविधिकबाट प्रमाणित गराउनुपर्नेछ ।
४२. उत्खनन स्थलबाट घाटगद्दी स्थलसम्म ढुवानी गरी चट्टा (पाइलिङ्ग) बनाउने जिम्मा ठेकेदारको हुनेछ ।
४३. उत्खनन पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन गर्न पाईनेछैन ।
४४. निर्माण सामाग्री उत्खनन तथा घाटगद्दी गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन तथा घाटगद्दी गर्नुपर्नेछ ।
४५. ठेकेदारका कर्मचारी तथा कामदारहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनुपर्नेछ ।
(नोट: विस्तृत जानकारीको लागि यस कार्यालयको website: www.dullumun.gov.np मा समेत हेर्न सकिनेछ ।)

...................
(तिलक वि.क.)
प्रमुख प्रशासकीय अधिकृत

# दररेट पेश गर्ने सम्बन्धी नमुना पत्र (BOQ)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
दुल्लू नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दुल्लू दैलेख ।

मिति :

**बिषय: दरभाउ पत्र पेश गरेको ।**

महोदय,

उपरोक्त सम्बन्धमा दुल्लू नगरपालिका क्षेत्रमा रहेका नदीहरुका स्वीकृत घाटमा रहेको ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदिको बिक्री तथा निकासीमा कर संकलन गर्न आ.व.२०८१/०८२ को लागि ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हान गरी मिति २०८१/०५/१८ गते प्रकाशित भएको सूचना बमोजिम तपसिलमा लेखिए अनुसार रु ...................... अक्षररुपी .............. ........................................................... मा ठेक्का लिन मन्जुरी भएकोले धरौटी वापत रु .......................................... को बैंक भौचर/विडवण्ड यसै साथ संलग्न राखी सिलबन्दी दरभाउ पत्र दाखिला गरेको छु ।

तपसिल

| ठेक्का नं. | ठेक्काको नाम | अवधि | कबोल रकम | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | | |
| | | | | | | |

दरभाउपत्र दाताको

नामः

ठेगानाः

बाबुको नामः

बाजेको नामः

फर्मको नामः

सम्पर्क नं.:

उमेरः

दस्तखतः

फर्मको छापः

मितिः